# कुश्मा ई-बुलेटिन

मासिक

बर्ष: १ | अंक : ०१ | फागुन , २०७७




## कुश्मा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

Email- info@kushmamun.gov.np phone:067420141
website : www.kushmamun.gov.np

## कुश्मा नगरपालिकाले २०७७ फाल्गुन महिनामा सम्पादन गरेका महत्वपूर्ण कार्यहरुको विवरण

### १. कुश्मा नगरपालिका वडा नं १० मा अनलाईन घटना दर्ताको सुरुवात ।

**मिति २०७७ फाल्गुन ३ गते कुश्मा नगरपालिका वडा नं १० कार्यालयमा आजबाट औपचारिक रुपमा अनलाइन घटना दर्ता शुभारम्भ !!!**




यससङ्गै कुश्मा नगरपालिकाका १४ वडा मध्ये हाल सम्म ८ वटा वडामा Online घटना दर्ता संचालन भइरहेको छ ।चालू आर्थिक बर्षमा सम्पुर्ण वडाबाट online घट्ना दर्ता संचालन गर्ने लक्ष्य लिइएको छ ।

पहिलो Online घट्ना दर्ता हुनुहने कुश्मा नगरपालिका वडा नं १० का प्रणव पौडेललाई कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरि पंगेनीज्यू र वडा अध्यक्ष सुजन वि.क ज्यू मार्फत प्रमाणपत्र प्रदान गरिएको थियो ।




कार्यकमको उद्देश्य माथि प्रकाश पार्दै कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री हरि पंगेनीज्युले सूचना प्रविधि नीतिले अबलम्बन गरेको नीति बमोजिम नागरिक लक्षित सेवाहरुलाई अनलाईन प्रविधि मार्फत प्रदान गरि शासन, विकास र सेवा प्रवाहमा नागरिकको पंहुच सरल सहज र झन्झट मुक्त बनाउने प्रतिवद्धता व्यक्त गर्नुभयो । समयको मागसंगै प्रविधिको प्रयोगलाई आत्मसाथ गर्न सके मात्र वास्तविक विकासको अनुभूत गर्न सकिने धारणा व्यक्त गर्नुभयो । नागरिक मैत्री सेवाहरु प्रविधि मार्फत प्रवाह गर्न सके सुशासन प्रवर्द्धन हुने उहाँको विश्वास थियो ।

कार्यक्रममा बोल्दै नगरपालिकाका कार्यपालिका सदस्य देबेन्द्र नेपालीले आधुनिक प्रबिधिसंगै अबको सेवा पनि छिटो र प्रभावकारी ढंगले संचालन गर्न अनलाइन सेवा प्रभावकारी हुने बताउनु भयो ।

कार्यक्रममा बोल्दै वडाध्यक्ष सुजन वि.क.ले वडा कार्यालयका सेवाहरु प्रभावकारी र चुस्त बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । साथै वडाको तर्फबाट कुश्मा नगरपालिका बाट सरुवा भइ जान

लाग्नुभएका प्रमुख प्रशासकीय अधिकृत हरि पंगेनी ज्युको विदाई समेत गरिएको थियो । बिदाईका क्रममा बोल्दै वडा अध्यक्ष्य बिकले प्रमुख प्रशासकीय अधिकृत हरि पंगेनीले वडा र सिंगो नगरको विकास र समृद्धिमा खेलेकोनिकै नै सिर्जनात्मक र सकारात्मक भूमिकाको चर्चा गर्दै नगरले उहाको कुशल प्रशासकीय क्षमतालाई सदैव सम्झिरहने धारणा व्यक्त गर्नुभयो ।

कुश्मा नगरपालिकाका सुचना प्रविधि अधिकृत राजीव रिमालले चालु आ.व. मा नगरपालिकाका सबै वडाबाट अनलाईन घटना दर्ता संचालन गरिने र यहि आर्थिक बर्षबाट नगरपालिकाको बृहत Digital नगर पोर्टल निर्माण गरि सम्पूर्ण विवरण एकीकृत र Digitized गर्ने गरि काम अगाडी बढाईएको र यसबाट नगरका सम्पूर्ण जानकारी र तथ्यांकलाई Single System मार्फत प्राप्त गर्ने अवाधरणा बमोजिम कार्यक्रमहरु भैरहेको जानकारी दिनुभयो ।

## २. कुश्मा नगरपालिकाका प्रमुख प्रशाकसीय अधिकृत हरि पंगेनीको बिदाई ।



मिति २०७७ फाल्गुन ४ गते कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरि पंगेनीको विदाई गरिएको छ । २०७६/०१/०४ देखि २०७७/११/०४ सम्म कुश्मा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा रहनु भएका नेपाल सरकारका उपसचिव पंगेनीलाई एक भव्य कार्यक्रमको आयोजना गरि विदाई गरिएको हो । कुश्मा नगरपालिकामा रही करिव २२ महिना कार्य सम्पादनको क्रममा पंगेनीले यहाँको पूर्वाधार विकास, संस्थागत सुशासन एवम आर्थिक सामाजिक रुपान्तरणका कार्यक्रमलाई प्राथमिकता दिई समग्र नगरको प्रतिष्ठा बढाउने कार्य गरेकोमा प्रशंसा गर्दै नगरको तर्फबाट नगर-प्रमुख रामचन्द्र जोशीले सम्मान पत्र प्रदान गर्नुभएको थियो ।



नगर उप-प्रमुख सिता काफ्ले लामिछाने, कुश्मा नगरपालिकाका समुर्ण वडा अध्यक्ष, सम्पूर्ण शाखाका प्रमुखहरु एवम् कर्मचारीको तर्फबाट पंगेनीको कुशल र समन्वयकारी कार्यसम्पादनको प्रशंसा गर्दै मायाको चिनो प्रदान गरिएको थियो ।

## ३. प्रमुख प्रशाकसीय अधिकृत कुमान सिंह गुरुङको स्वागत ।

मिति २०७७ माघ २३ गते सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय बमोजिम कुश्मा नगरपालिकामा सरुवा भई आउनु भएका कुमान सिंह गुरुङलाई एक कार्यक्रमका विच स्वागत गरिएको छ ।






कुश्मा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा नेपाल सरकारका उपसचिव कुमान सिंह गुरुङ ज्युले मिति २०७७/११/१० गते सोमबार देखी पदभार ग्रहण गरि कार्यभार सुरुवात गर्नुभएको छ । कुश्मा नगरपालिकाका उप-प्रमुख सिता काफ्ले लामिछानेले उहाँको स्वागत गर्दै कार्यकालको उच्च सफलताको कामना गर्नुभएको थियो भने नगरपालिकाका सम्पूर्ण कर्मचारीको तर्फवाट प्रमुख प्रशाकसीय अधिकृत कुमान सिंह गुरुङलाई स्वागत गरिएको थियो ।

## ४. क्षयरोग सम्बन्धी स्वास्थ्य शिविर सम्पन्न




मिति २०७७ फाल्गुन ९ गते कुश्मा नगरपालिका वडा नं ११ र मिति २०७७ फाल्गुन ११ गते वडा नं ३ दुर्लङमा क्षयरोग सम्बन्धी स्वास्थ्य शिविर सम्पन भएको छ ।जसमा वडा नं ११ मा ८१ जना बिरामी जाँचेको मध्ये ३० जनाको खकारमा क्षयरोग परिक्षण गरिएको थियो जस मध्ये १ जना क्षयरोगीको बिरामी भेटिएको थियो । उसको क्षयरोगको DOTS प्रविधिबाट उपचार सुरु गरियो ।



त्यसै गरि कु.न.पा ३ आ ६६ जना बिरामी परिक्षण गरिएको मध्ये १३ जनाको संकास्पद क्षयरोगको खकार परिक्षण गरियो

र जसमा कुनैपनि क्षयरोगी भेटिएन । पर्वत जिल्ला अस्पतालका डाक्टर सुरज नेपाली, मनोज ढकाल एवम् कुश्मा न.पा. स्वास्थ्य संयोजक उमाकान्त सापकोटा लगायतको उपस्थिति रहेको थियो ।




## ५.बिभिन्न वडामा गरिवी निवारणका लागि उद्मशीलता विकास तालिम सम्पन्न




कुश्मा नगरपालिका वडा नं ८ चुवामा फाल्गुन ७ गते देखि फाल्गुन १७ गते सम्म गरिवी निवारणका लागि उद्यमशीलता सम्बन्धी तालिम सम्पन्न भएको छ । उक्त तालिममा वडाबाट बिभिन्न २४ जना नागरिकको सहभागिता रहेको थियो । साथै वडा नं ९ कटुवाचौपारीमा फाल्गुन १० देखि १८ गते सम्म सम्पन्न उद्यमशीलता सम्बन्धी अभिमुखीकरण तालिममा १७ जनाको सहभागिता रहेको थियो भने फाल्गुन २३ देखि चैत्र १ सम्म वडा नं ३ दुर्लुङमा पनि सोही तालिम सम्पन्न भएको छ । उक्त कार्यक्रममा २८ जना सहभागी रहनुभएको थियो ।




उद्यमशीलता विकास तालिम मार्फत् व्यवसायिक नागरिक उत्पादन गरि जनालाई स्व आय-आर्जन गर्न सक्षम बनाउने उद्देश्यले कुश्मा नगरपालिकाकामा यो आर्थिक बर्ष देखि उद्यमशीलता विकास तालिम सुरुवात भएको छ । हाल कुश्मा नगरपालिकाका वडा नं २, ३, ८, ९, १३ गरि ५ वटा वडामा यो कार्यक्रम संचालित छ भने आगामी आर्थिक बर्षमा अन्य वडा छनौट गरि उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ । तालिममा उद्यम विकास सहजकर्ता सिता नेपाली, लक्ष्मी तिवारी रिजालले सहजीकरण गर्नुभएको थियो ।

## ६. १११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा दुइ दिवसीय कार्यक्रम सम्पन्न ।



मार्च ८ अर्थात फाल्गुन २३ र २४ गते १११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर कुश्मा नगरपालिकाले २ दिवसिय कार्यक्रम सम्पन्न गरेको छ ।

पहिलो दिन फाल्गुन २३ गते "महिलाको सुरक्षा, सम्मान र रोजगारः समृद्ध नेपालको आधार" विषयक बक्तृत्वकला कार्यक्रम सम्पन्न भएको छ भने दोश्रो दिन फाल्गुन २४ भव्य र सभ्य प्रभातफेरी तथा मुल-समारोह कार्यक्रम भएको छ ।




प्रभातफेरी कार्यक्रम पश्चात सम्पन्न भएको मूल उक्त समारोहमा कार्यक्रमका प्रमुख अतिथी एवम नगर प्रमुख रामचन्द्र जोशीले महिलाहरु अधिकार र अवसरमा सचेत भएसंगै उद्यमशील र स्वावलम्बी हुनुपर्नेमा जोड दिनुभयो । त्यस्तै उप-प्रमुख एवम् कार्यक्रमका अध्यक्ष सिता काफ्ले लामिछानेले महिलाको सिर्जनात्मक र सकारात्मक उर्जालेनै घर देखि समुदाय हुदैं समग्र राष्ट्रको नेतृत्वमा महिलाहरु सफल र अब्बल भएको बताउनु भयो । कार्यक्रममा पर्वतका प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्री, वडा अध्यक्ष्यहरु लगायत सम्पूर्ण कार्यालयका प्रमुख साथै बिभिन्न राजनितीक दल, उद्योगी व्यवसायी, कर्मचारी, पत्रकार, संघ संस्थाका प्रतिनिधि एव महिला समुहहरुको उपस्थिति रहेको थियो । समारोहमा बक्तृत्वकला प्रतियोगितामा उत्कृष्ट हुने विद्यार्थी भाइबहिनीहरु एवं प्रभातफेरीमा उत्कृष्ट हुने समूह/संस्थालाई नगद एवं प्रमाणपत्र द्वारा सम्मान गरिएको थियो ।



कुश्मा नगरपालिकाका कर्मचारीहरु एवम विभिन्न महिला आमा समुहहरु प्रभातफेरीमा सहभागी हुँदै नगरपालिकाको कार्यालय बाट कुश्मा बजार परिक्रमा पश्चात युनिभर्सल पार्टी प्यालेसमा पुगी मुल समारोहमा परिणत भएको थियो। मूल समारोह कार्यक्रमको संचालन सामाजिक विकास शाखाका प्रमुख अधिकृतस्तर सातौ डिलकुमारी शर्माले गर्नुभएको थियो ।

## ७. वडा नं १२ स्थित ठूलीपोखरी प्राथमिक स्वास्थ्य केन्द्रको शिलान्यास संपन्न ।

मिति २०७७ फाल्गुन २७ गते कुश्मा नगरपालिका वडा नं १२ स्थित ठूलीपोखरी प्राथमिक स्वास्थ्य केन्द्र (नगर अस्पताल) को १५ शैयाको भवनको शिलान्यास सम्पन्न भएको छ । कुश्मा नगरपालिकाको आयोजनामा एक कार्यक्रमको आयोजना गरि राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाज्यु द्वारा शिलान्यास भएको हो ।



शिलान्यास कायक्रमको अध्यक्षता ठूलीपोखरी प्राथमिक स्वास्थ्य केन्द्रको व्यवस्थापन समितिका अध्यक्ष एवं वडा नं. १२ का वडा अध्यक्षको अध्यक्षतामा प्रमुख अतिथि राष्ट्रिय सभाका अध्यक्ष श्री सम्माननीय अध्यक्ष श्री गणेश प्रासाद तिमिल्सिनाज्यू हुनुहुन्थ्यो । कार्यक्रमको प्रमुख अतिथि एवं अतिथिलाइ कुश्मा नगरपालिका प्रमुख श्री रामचन्द्र जोशीले स्वागत गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री कुमान सिंह गुरूङले सञ्चालन गर्नु भएको थियो ।राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको आर्थिक सहयोगमा निर्माण हुने यो भवनको निर्माण कार्य आगामी १८ महिनामा सम्पन्न हुनेछ ।



## ८. वडा नं १४ मा निशुल्क पशु स्वास्थ्य शिविर सम्पन्न

मिति २०७७ फाल्गुन २८ गते पर्वतको कुश्मा नगरपालिका १४ आर्थर डाँडाखर्कमा एकदिने पशु स्वास्थ्य शिविर सम्पन्न भएको छ । कुश्मा नगरपालिकाको पशु स्वास्थ्य सेवा शाखाको आयोजनामा उक्त शिविर सम्पन्न भएको हो । पशुहरुमा लाग्ने विभिन्न वाह्य तथा आन्तरिक परिजिवीको संक्रमण र अन्य रोगहरुको बारेमा उपचार र किसानलाई प्रशिक्षण दिँदै शिविर सम्पन्न गरिएको छ ।





शिविरमा आर्थरका २ सय ३ परिवारका ३ हजार १ सय ५५ पशुपंक्षीको उपचार गरिएको छ । पशु सेवा शाखाका प्रमुख मित्रलाल सापकोटा, प्राविधिक मनोज पन्त, सुदर्शन सुबेदी, चोलाकान्त पौडेल, अनन्तराज अधिकारी लगायतले पशु तथा पंक्षीहरुको उपचार गर्नुभएको थियो भने औषधी वितरण गरिएको छ । यस्तै वहर बोकाको बध्याकरण, पशुहरुको बाँझोपन नियन्त्रण लगायतका सेवा पनि प्रदान गरिएको थियो । शिविरमा एमडिएच फर्मा स्युटिकल्स गण्डकी प्रदेश संयोजक मनोज पन्तले करिब १ लाख रुपैयाँ बराबरका औषधी सौजन्य गर्नुभएको थियो ।

## ९. २०७७ फागुन महिनासम्म सम्झौता भएका योजनाहरुको विवरण

| क्र. स. | वडा न. | योजनाको नाम | विनियोजित बजेट | जनश्रमदान | कुल लागत | सम्झौता मिति | सम्पन्न मिति |
|---|---|---|---|---|---|---|---|
| 1 | 11 | टोल स्तरीय मोटरबाटो मर्मत | 250000 | 43414.07 | 293414.07 | 2077-06-28 | 2077-10-27 |
| 2 | 2 | सूर्योदय प्रा.वि. तारवार | 100000 | 21082.83 | 121082.83 | 2077-11-20 | |
| 3 | 2 | स्वास्थ्य केन्द्र ट्रष्ट निर्माण | 100000 | 20864.3 | 120864.3 | 2077-11-21 | 2077-12-02 |
| 4 | 10 | कु.न.पा. १० का झाडी तथा रुख कटान | 150000 | 34093.5 | 184093.5 | 2077/11/02 | 2077-11-28 |
| 5 | 9 | दमैको पधेंराबाट दलित वस्ती गोरेटोबाटो | 100000 | 15671.47 | 115671.47 | 2077-11-08 | 2077-12-02 |
| 6 | 3 | काफलचौर मा.वि. पूर्वाधार निर्माण | 500000 | 88530.4 | 588530.4 | 2077-10-02 | |
| 7 | 13 | सेता ढुगाँ चनौटे सालघारी सडक | 900000 | 191673.59 | 1091673.59 | 2077-11-04 | |
| 8 | 2 | अर्मादी लाम्पाटा गाईखुरे मन्दिर कोटगाउँ तथा केवादी खोला धुँवाखोला पदमार्ग | 1400000 | 247834.27 | 1647834.47 | 2077-11-11 | |
| | | जम्मा | **3500000** | | | | |

## १०. कोरोना भाईरस (कोभिड–१९)बिरुद्धको दोस्रो चरणेका खोप :

कुश्मा नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरु बाट र दोस्रो चरणको पहिलो फेजमा मिती २०७७।११।२३ देखी २०७७।११।२५ मा ६५ बर्षमाथीका जेष्ठ नागरिक तथा पहिलो चरणमा छुट भएका कर्मचारी, जनप्रतिनीधी, एव म.सा.स्वा.स्व.से. हरु लाई वडामा रहेका स्वास्थ्य संस्थाहरु बाट प्रदान गरिएको कोभिसिल्ड खोपको विवरण यस प्रकार छ।

| क्र.स. | स्वास्थ्य संस्थावार्ड/ | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | कुश्मा स्वास्थ्य चौकी पाङ | २०८ | १५४ | ३६२ |
| २ | खुर्कोट स्वास्थ्य चौकी | १०१ | ९४ | १९५ |
| ३ | दुर्लुङ स्वास्थ्य चौकी | ९० | ७६ | १६६ |
| ४ | आधारभूत स्वा के. | ५८ | ६२ | १२० |
| ५ | स्वास्थ्य कार्यालय खोप केन्द्र | ८५ | ८६ | १७१ |
| ६ | आधारभूत स्वा के. | ८३ | ५१ | १३४ |
| ७ | आधारभूत स्वा. के. | ६५ | ५२ | ११७ |
| ८ | चुवा स्वास्थ्य चौकी | ७२ | ४८ | १२० |
| ९ | कटुवा चौपारी स्वास्थ्य चौकी | ६० | ५० | ११० |
| १० | पिपलटारी स्वास्थ्य चौकी | १०० | ८३ | १८३ |
| ११ | पकुवा स्वास्थ्य चौकी | ६३ | ७८ | १४१ |
| १२ | ठुलीपोखरी प्रा. स्वा .के | ५१ | ७० | १२१ |
| १३ | खौला स्वास्थ्य चौकी | ५८ | ४६ | १०४ |
| १४ | आर्थर डाडाखर्क स्वास्थ्य चौकी | ५९ | ४८ | १०७ |
| | जम्मा | ११५३ | ९९८ | २१५१ |





# ११. वित्तीय प्रगति विवरण

## आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७७/११/२९

| सि. नं. | खर्च शीर्षक | शीर्षक | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेस्रो चौमासिक | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बजेट रु. | खर्च रु. | बजेट रु. | खर्च रु. | बजेट रु. | खर्च | बजेट रु. | खर्च रु. | खर्च(%) | मौज्दात रु. |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ९,८३,६४,८०० | ९,३६,३७,२६१.५० | ९,४७,१९,३०० | ६,९५,७१,६००.७० | ९,४९,७०,९०० | ० | २८,८०,५५,००० | १६,३२,०८,८६२.२० | ५६.६६ | १२,४८,४६,१३७.८० |
| २ | २११२१ | पोशाक | ४,००० | ० | १३,००० | ० | १३,३३,००० | ० | १३,५०,००० | ० | ० | १३,५०,००० |
| ३ | २११३१ | स्थानीय भत्ता | २,७१,६०० | २,१२,३२० | २,०३,७०० | १,६४,७९६ | २,०३,७०० | ० | ६,७९,००० | ३,७७,११६ | ५५.५४ | ३,०१,८८४ |
| ४ | २११३२ | महंगी भत्ता | ६,४०,००० | ६,१६,००० | ४,८०,००० | ४,६७,४०० | ४,८०,००० | ० | १६,००,००० | १०,८३,४०० | ६७.७ | ५,१६,६०० |
| ५ | २११३४ | कर्मचारीको बैठक भत्ता | २,००,००० | ३,३०,००० | १,५०,००० | ० | १,५०,००० | ० | ५,००,००० | ३,३०,००० | ६६ | १,७०,००० |
| ६ | २११३९ | अन्य भत्ता | २,९५,००० | ६,००,००० | २,२५,००० | १,००,००० | २,१०,००० | ० | ७,३०,००० | ७,००,००० | ९५.८९ | ३०,००० |
| ७ | २११४१ | पदाधिकारी बैठक भत्ता | २,००,००० | ७९,००० | १,५०,००० | ४,१८,५०० | १,५०,००० | ० | ५,००,००० | ४,९७,५०० | ९९.५ | २,५०० |
| ८ | २११४२ | पदाधिकारी अन्य सुबिधा | १,७५,००,००० | १,७०,५४,५४० | ८७,५०,००० | ५२,५९,८३० | ८७,५०,००० | ० | ३,५०,००,००० | २,२३,१४,३७० | ६३.७६ | १,२६,८५,६३० |
| ९ | २१२१४ | कर्मचारी कल्याण कोष | ८,००,००० | ० | ६,००,००० | ० | ६,००,००० | ० | २०,००,००० | ० | ० | २०,००,००० |
| १० | २२१११ | पानी तथा बिजुली | ६,००,००० | १,१३,०८०.२६ | ४,५०,००० | २२,६६३ | ४,५०,००० | ० | १५,००,००० | १,३५,७४३.२६ | ९.०५ | १३,६४,२५६.७४ |
| ११ | २२११२ | संचार महसुल | ४,१४,३१० | २७,००० | ३,२६,८१० | २,२८,२१० | ३,३०,८८० | ० | १०,७२,००० | २,५५,२१० | २३.८१ | ८,१६,७९० |
| १२ | २२२११ | इन्धन (पदाधिकारी) | ४,८०,००० | १,५७,६१२ | ३,६०,००० | ४,५०० | ३,६०,००० | ० | १२,००,००० | १,६२,११२ | १३.५१ | १०,३७,८८८ |

| सि. नं. | खर्च शीर्षक | शीर्षक | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेस्रो चौमासिक | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बजेट रु. | खर्च रु. | बजेट रु. | खर्च रु. | बजेट रु. | खर्च | बजेट रु. | खर्च रु. | खर्च(%) | मौज्दात रु. |
| १३ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ११,१७,५०० | ७,४८,१०२.६० | ८,४७,५०० | ११,२२,९२४ | ८,६०,००० | ० | २८,२५,००० | १८,७१,०२६.६० | ६६.२३ | ९,५३,९७३.४० |
| १४ | २२२१३ | सवारी साधन मर्मत खर्च | १३,७७,५०० | ४,८८,८८५.६३ | १०,४२,५०० | २१,०१,७१०.०८ | १०,५५,००० | ० | ३४,७५,००० | २५,९०,५९५.७१ | ७४.५५ | ८,८४,४०४.२९ |
| १५ | २२२१४ | बिमा तथा नवीकरण खर्च | २,८०,००० | ६,५५,८१५ | २,१०,००० | ४४,१८५ | २,१०,००० | ० | ७,००,००० | ७,००,००० | १०० | ० |
| १६ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६,३६,८०० | २,३३,९१२.२० | ४,७७,६०० | ४,४८,४९५ | ४,७७,६०० | ० | १५,९२,००० | ६,८२,४०७.२० | ४२.८६ | ९,०९,५९२.८० |
| १७ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३७,००,१०० | ७,५५,७०० | २७,५२,२०० | ३२,५५,९९२.५३ | २८,३१,२०० | ० | ९२,८३,५०० | ४०,११,६९२.५३ | ४३.२१ | ५२,७१,८०७.४७ |
| १८ | २२३१३ | पुस्तक तथा सामग्री खर्च | ४,२०,००० | ० | ३,९०,००० | ० | ४,९०,००० | ० | १३,००,००० | ० | ० | १३,००,००० |
| १९ | २२३१४ | इन्धन - अन्य प्रयोजन | १,६०,००० | ० | १,२०,००० | ० | १,२०,००० | ० | ४,००,००० | ० | ० | ४,००,००० |
| २० | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८,२५,००० | १०,२३,६६५.२० | ६,००,००० | ९,५१,८१२ | ६,००,००० | ० | २०,२५,००० | १९,७५,४७७.२० | ९७.५५ | ४९,५२२.८० |
| २१ | २२४११ | सेवा र परामर्श खर्च | १९,६३,२०० | ५,९६,४३७ | १८,२४,९०० | २,००,००० | २२,९४,९०० | ० | ६०,८३,००० | ७,९६,४३७ | १३.०९ | ५२,८६,५६३ |
| २२ | २२४१३ | करार सेवा शुल्क | ५८,४८,८१४.६० | ५५,९६,७०४ | ४४,७८,८१४.६० | ३४,८९,६१७ | ४४,८९,९९०.८० | ० | १,४८,१७,६२० | ९०,८६,३२१ | ६१.३२ | ५७,३१,२९९ |
| २३ | २२४१९ | अन्य सेवा शुल्क | ७,७६,००० | ८०,००० | ५,८२,००० | ६०,००० | ५,८२,००० | ० | १९,४०,००० | १,४०,००० | ७.२२ | १८,००,००० |
| २४ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | ८,३५,००० | ० | १०,४५,००० | १,८९,१३० | ६,८०,००० | ० | २५,६०,००० | १,८९,१३० | ७.३९ | २३,७०,८७० |

| सि. नं. | खर्च शीर्षक | शीर्षक | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेस्रो चौमासिक | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बजेट रु. | खर्च रु. | बजेट रु. | खर्च रु. | बजेट रु. | खर्च | बजेट रु. | खर्च रु. | खर्च(%) | मौज्दात रु. |
| | | सम्बन्धी खर्च | | | | | | | | | | |
| २५ | २२५२२ | कार्यक्रम खर्च | ३,४५,९५,३४८.७२ | ९२,८७,५७४.६३ | २,४६,२०,१७६ | १,९२,२४,९६५.६२ | २,६४,७७,४४८ | ० | ८,५६,९२,९७२.७२ | २,८५,१२,५४०.२५ | ३३.२७ | ५,७१,८०,४३२.४७ |
| २६ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १७,१४,३०० | ७,९६,००० | १३,४८,१०० | २२,८२,१२० | १३,६९,६०० | ० | ४४,३२,००० | ३०,७८,१२० | ६९.४५ | १३,५३,८८० |
| २७ | २२६१२ | भ्रमण खर्च | ८,२२,५०० | १२,३४,५०० | ६,२२,५०० | ४,९१,६४३ | ६,३०,००० | ० | २०,७५,००० | १७,२६,१४३ | ८३.१९ | ३,४८,८५७ |
| २८ | २२७११ | विविध खर्च | ३३,६८,४०० | १४,४४,८४५ | २५,५८,४०० | २१,२३,०६७ | २६,०१,२०० | ० | ८५,२८,००० | ३५,६७,९१२ | ४१.८४ | ४९,६०,०८८ |
| २९ | २२७२१ | सभा सञ्चालन खर्च | ४,००,००० | ० | ३,००,००० | ० | ३,००,००० | ० | १०,००,००० | ० | ० | १०,००,००० |
| ३० | २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ४,००,००० | ० | ३,००,००० | १०,००० | ३,००,००० | ० | १०,००,००० | १०,००० | १ | ९,९०,००० |
| ३१ | २६४१३ | अन्य संस्थालाई सःशर्त चालु अनुदान | २,५३,७४,०४४ | ४७,५२,८२८.५० | २,३३,२७,८४४ | ५७,८३,५३७ | २,८२,७९,११२ | ० | ७,६९,८१,००० | १,०५,३६,३६५.५० | १३.६९ | ६,६४,४४,६३४.५० |
| ३२ | २७१११ | सामाजिक सुरक्षा | २४,७०,४०० | ४,६४,९९५ | १८,५४,६०० | ५,३५,००५ | १८,५१,००० | ० | ६१,७६,००० | १०,००,००० | १६.१९ | ५१,७६,००० |
| ३३ | २७२११ | छात्रवृत्ति | ९,९५,६०० | ० | ७,४६,७०० | ० | ७,४६,७०० | ० | २४,८९,००० | ० | ० | २४,८९,००० |
| ३४ | २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १४,९३,५७० | २५,०९,६७३ | ९,६०,००० | ४,९०,३२७ | १२,१०,००० | ० | ३६,६३,५७० | ३०,००,००० | ८१.८९ | ६,६३,५७० |
| ३५ | २७२१३ | औषधीखरिद खर्च | ५,३४,६०० | २,८९,२२० | २०,३४,६०० | १२,०८,९४६.१९ | ५,८०,८०० | ० | ३१,५०,००० | १४,९८,१६६.१९ | ४७.५६ | १६,५१,८३३.८१ |
| ३६ | २८१४१ | जग्गाको भाडा | ४,००,००० | ३९,१६० | ३,००,००० | ४,११,७९५.०९ | ३,००,००० | ० | १०,००,००० | ४,५०,९५५.०९ | ४५.१ | ५,४९,०४४.९१ |
| ३७ | २८१४२ | घरभाडा | १२,००,०० | ९,६४,४०० | ९,००,००० | ७,९७,७५० | ९,००,००० | ० | ३०,००,० | १७,६२,१५० | ५८.७४ | १२,३७,८५० |

| सि. नं. | खर्च शीर्षक | शीर्षक | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेस्रो चौमासिक | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बजेट रु. | खर्च रु. | बजेट रु. | खर्च रु. | बजेट रु. | खर्च | बजेट रु. | खर्च रु. | खर्च(%) | मौज्दात रु. |
| | | | ० | | | | | | ०० | | | |
| ३८ | २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २,००,००० | ५०,४०० | १,५०,००० | ३,२०,४०० | १,५०,००० | ० | ५,००,०० ० | ३,७०,८०० | ७४.१६ | १,२९,२०० |
| ३९ | २८९११ | भैपरी आउने चालु खर्च | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४० | ३१११११ | आवासीय भवन निर्माण/खरिद | ० | ० | ९,०६,००० | ० | ९,०६,००० | ० | १८,१२,० ०० | ० | ० | १८,१२,००० |
| ४१ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | ४३,५७,०० ० | २१,००,०० ० | ३,७५,००० | १७,९६,६०१ | १८,४९,१०१ | ० | ६५,८१,१ ०१ | ३८,९६,६०१ | ५९.२१ | २६,८४,५०० |
| ४२ | ३१११४ | जग्गा विकास कार्य | ० | ० | ० | ८,६७,१८७.५१ | ८,६७,१८७. ५१ | ० | ८,६७,१८ ७.५१ | ८,६७,१८७.५ १ | १०० | ० |
| ४३ | ३११२१ | सवारी साधन | २२,३५,९० ० | ० | २,००,००० | ४,३५,९०० | २,३५,९०० | ० | २६,७१,८ ०० | ४,३५,९०० | १६.३ | २२,३५,९०० |
| ४४ | ३११२२ | मेशिनरी तथा औजार | १४,९३,९४ ५ | २२,९७,४४ ०.५० | १४,६४,०० ० | १३,३३,३७१.६ ० | २१,५२,००० | ० | ५१,०९,९ ४५ | ३६,३०,८१२. १० | ७१.०५ | १४,७९,१३२ .९० |
| ४५ | ३११२३ | फर्निचर तथा फिक्चर्स | ३,८५,००० | १,१३,६७५ | ३,४५,००० | ८,३६,४८२.५० | ४,६०,००० | ० | ११,९०,० ०० | ९,५०,१५७.५ ० | ७९.८४ | २,३९,८४२. ५० |
| ४६ | ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १,५०,००० | ० | १,५०,००० | ० | २,००,००० | ० | ५,००,०० ० | ० | ० | ५,००,००० |
| ४७ | ३११५१ | सडक तथा पूल निर्माण | २,०२,८४,१ ५६.२० | ८९,४२,७८ ५.३३ | ६८,५२,५० ० | ९७,५०,०६७.७ ९ | ८४,९६,७७९ .३८ | ० | ३,५६,३३, ४३५.५८ | १,८६,९२,८५ ३.१२ | ५२.४६ | १,६९,४०,५ ८२.४६ |
| ४८ | ३११५३ | विद्युत संरचना निर्माण | ६०,००० | ० | ६०,००० | १,९०,००० | २,८०,००० | ० | ४,००,०० ० | १,९०,००० | ४७.५ | २,१०,००० |
| ४९ | ३११५५ | सिंचाई संरचना निर्माण | १२,१०,०० ० | ६,८६,०४१ | ४,५०,००० | ४,०१,२३५ | ११,६१,७९० | ० | २८,२१,७ ९० | १०,८७,२७६ | ३८.५३ | १७,३४,५१४ |

| सि. नं. | खर्च शीर्षक | शीर्षक | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेस्रो चौमासिक | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बजेट रु. | खर्च रु. | बजेट रु. | खर्च रु. | बजेट रु. | खर्च | बजेट रु. | खर्च रु. | खर्च(%) | मौज्दात रु. |
| ५० | ३११५६ | खानेपानी संरचना निर्माण | ५८,०४,२५३ | २४,९२,३५८ | २१,३१,५०० | २,४०,२२७.६० | २४,२२,४५५ | ० | १,०३,५८,२०८ | २७,३२,५८५.६० | २६.३८ | ७६,२५,६२२.४० |
| ५१ | ३११५७ | वन तथा वातावरण संरक्षण | २०,१४,७०४ | १८,०४,७०४ | २,१०,००० | ० | २,८०,००० | ० | २५,०४,७०४ | १८,०४,७०४ | ७२.०५ | ७,००,००० |
| ५२ | ३११५८ | सरसफाई संरचना निर्माण | १२,००,००० | ० | ० | ० | ० | ० | १२,००,००० | ० | ० | १२,००,००० |
| ५३ | ३११५९ | अन्य सार्वजनिक निर्माण | १,४४,८४,७४९ | २५,३४,३९८ | ३५,९२,५०० | २,३३,८०,६९८.७३ | १,९१,३१,५३७.१९ | ० | ३,७२,०८,७८६.१९ | २,५९,१५,०९६.७३ | ६९.६५ | १,१२,९३,६८९.४६ |
| ५४ | ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३०,००० | ० | ३०,००० | ० | ४०,००० | ० | १,००,००० | ० | ० | १,००,००० |
| ५५ | ३१४११ | जग्गाप्राप्ति खर्च | ९०,००० | ० | ९०,००० | ० | १,२०,००० | ० | ३,००,००० | ० | ० | ३,००,००० |
| कुल जम्मा | | | २६,५४,७८,०९४.५२ | १६,५८,११,०३३.३५ | १९,७६,७७,७४४.६० | १६,१०,१२,६९२.९४ | २२,६९,७७,७८०.८८ | ० | ६९,०१,३३,६२० | ३२,६८,२३,७२६.२९ | ४७.३५ | ३६,३३,०९,८९३.७१ |

कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

रामचन्द्र जोशी
प्रमुख
९८५७६३००१७

सिता कुमारी काफ्ले लामिछाने
उप–प्रमुख
९८५७६३०२५७

कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत
९८५७०४३१११

ध्रुवराज पौडेल
सूचना अधिकारी
९८५७६२०१४१

ई. राजीव रिमाल
सूचना प्रविधि अधिकृत
९८४०६०३९४३

Email- info@kushmamun.gov.np, phone: 067-420141
website : www.kushmamun.gov.np